वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७
गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०८२/८३
च नं:

मिति: २०८३/०१/१७

## कृषि उत्पादन (तरकारी) बिक्री वितरणमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन सूचिकृत हुने बारेको सूचना !

प्रथम पटक प्रकाशित मिति: २०८३/०१/१७

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०८२/८३ को स्विकृत वार्षिक कार्यक्रम अनुसार कृषि विकास शाखा तर्फ उत्पादन, क्षेत्रफल तथा बिक्री वितरणमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकाले यस वालिङ नगरपालिका भित्र उत्पादित कृषिजन्य (तरकारी बाली) संकलन तथा बजारीकरणमा संलग्न कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र आवश्यक कागजात सहित सूचिकृत हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | बालीवस्तुहरुको विवरण | मापदण्ड/शर्तहरु | कैफियत |
|---|---|---|---|
| १. | तरकारी (मौसमी तथा बेमौसमी) | कृषि सहकारी मार्फत बिक्रि वितरण गरेको सम्बन्धी स्पष्ट विवरण हुनुपर्ने । | आ.व. २०८२/८३ को श्रावण महिनादेखि जेष्ठ मसान्त सम्म संकलन तथा बिक्री वितरण भएका तरकारीको विवरण पेश गर्न सकिने छ । |

आवश्यक कागजातहरु:

१) "उत्पादन, क्षेत्रफल तथा बिक्री वितरणमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१" मा तोकिएको ढाँचामा निवेदन
२) संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि ।
३) सहकारी मार्फत बिक्री वितरण गरेको कृषिजन्य वस्तुको हकमा सो विवरण खुल्ने सहकारीद्वारा प्रमाणित कागजात।
४) कृषि उत्पादनको संकलन तथा बजारीकरण गर्दै गर्दा क्षणका स्पष्ट फोटोहरु (रंगीन) ।

**विस्तृत जानकारीका लागि वालिङ नगरपालिका कृषि विकास शाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।**
**इमेल मार्फत सूचिकृत हुन चाहनेका लागि walingmun.krishi@gmail.com**

**प्रमुख प्रशासकीय अधिकृत**